राक्सिराङ्ग गाउँपालिका

**गाउँ कार्यपालिका, चैनपुर, मकवानपुर**

बैठक संख्या : ०४-०७९/०८०

मिति: २०७९/०८/०९ गते शुक्रबार

समय: विहान ११:०० बजे

आज मिति २०७९ मंसिर ०९ गते शुक्रबार विहान ११:०० बजे गाउँपालिका अध्यक्ष श्री राजकुमार मल्लको अध्यक्षतामा देहायको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी निम्नानुसारको निर्णय गरियो :

उपस्थिति:

| सि.नं. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री राजकुमार मल्ल | |
| २ | उपाध्यक्ष | श्री बनस्तम थिङ | |
| ३ | सदस्य | श्री बाबी राम मुक्तान, वडा अध्यक्ष-१ | |
| ४ | सदस्य | श्री बुद्ध राम मुक्तान, वडा अध्यक्ष-२ | |
| ५ | सदस्य | श्री उत्तम वाइवा, वडा अध्यक्ष-३ | |
| ६ | सदस्य | श्री संजय कोईराला, वडा अध्यक्ष-४ | |
| ७ | सदस्य | श्री हरि बहादुर प्रजा, वडा अध्यक्ष-५ | |
| ८ | सदस्य | श्री अकल बहादुर मोक्तान, वडा अध्यक्ष-६ | |
| ९ | सदस्य | श्री राम बहादुर प्रजा, वडा अध्यक्ष-७ | |
| १० | सदस्य | श्री युसाई प्रजा, वडा अध्यक्ष-८ | |
| ११ | सदस्य | श्री रामकुमार वाल्वा थिङ, वडा अध्यक्ष-९ | |
| १२ | सदस्य | श्री सुजता दमाई | |
| १३ | सदस्य | श्री सजिना मुक्तान नेपाली | |
| १४ | सदस्य | श्री शुशिला सुनार | |
| १५ | सदस्य | श्री शान्ता कुमारी अर्याल | |
| १६ | सदस्य | श्री सिङ्गलाल प्रजा | |
| १७ | सदस्य | श्री चन्द्रमान प्रजा | |
| १८ | सचिव | श्री देब चन्द्र गर्तौला | |

राक्सिराङ्ग गाउँपालिका
गाउँ कार्यपालिका, चैनपुर, मकवानपुर
बैठक संख्याः ०४-०७९/०८०

मितिः २०७९/०८/०९ गते शुक्रबार
समयः विहान ११:०० बजे

**निर्णय नं. १:**
गत बैठकहरुबाट भए गरेका निर्णयहरुको समिक्षा गरि कार्यान्वयन हुन बाँकि निर्णयहरुलाई यथाशिघ्र कार्यान्वयन गर्ने ।

**निर्णय नं. २:**
राक्सिराङ्ग गाउँसभाको तेन्हौं -हिँउदे) अधिवेशन मिति २०७९/०९/२९ गते शुक्रबार विहान ११:०० बजे आह्वान गर्ने ।

**निर्णय नं. ३**
राक्सिराङ्ग गाउँपालिका वडा नं ९ को कच्ची सडकहरु वर्षातका कारण अवरुद्ध भइ संचालन गर्नका लागि सडक मर्मत तथा सरसफाई कार्यको लागि विनियोजित रकमबाट अपुग हुन गएको तथा प्राविधिक मूल्यांकन बमोजिमको अपुग रकम मध्येबाट रु १,७०,००० रकम थप गरी भुक्तानीका लागि गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने ।

**निर्णय नं ४**
यस गाउँपालिकाबाट श्री भान्जा टेक कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि, राक्सिराङ्ग ९ संग सिलिङ्गे गैजुराङ्ग पाइराङ्ग सडक निर्माण कार्यको लागि भएको ठेक्का सम्झौता बमोजिम म्याद सकिएको हुँदा सो ठेक्काको म्याद थप माग भएको निवेदन बमोजिम २०७९ चैत्र मसान्त सम्म म्याद थप गरी कार्य सम्पन्न गराउन कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने ।

**निर्णय नं ५**
राक्सिराङ्ग गाउँपालिकाको आ.व २०७९।०८० को वार्षिक स्वीकृत कार्यक्रम तथा बजेट अनुसार उपभोक्ता समिति दर्ता गर्नको लागि कार्यालयबाट तयार भएको विधानको ढाँचा स्वीकृत गरी लागू गर्न कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने ।

**निर्णय नं ६**
राक्सिराङ्ग गाउँपालिकाको नदीजन्य पदार्थको उत्खनन तथा संकलन कार्यको ठेक्का प्रकृया अगाडी बढाउने तथा सो को ठेक्का व्यवस्थापन नहुन्जेल सम्मको लागि यस क्षेत्रमा रहेका उद्योग तथा सप्लायर्सहरुबाट निकासी हुने तयारी तथा कच्चा नदीजन्य पदार्थको तोकिएको राजश्व संकलन गर्नको लागि कर संकलन केन्द्र संचालन गरी कर्मचारी खटाई कर संकलन गर्न गराउन कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने ।

**निर्णय नं ७ (विविध):**
(क) यस गाउँपालिकाको कार्यालयमा कार्यरत हलुका सवारी चालक श्री मध्यलाल थिङको सेवा करार म्याद मिति २०७९ कार्तिक ०१ बाट समाप्त भएकोले निजको सेवा करार म्याद मिति २०७९ कार्तिक ०१ देखि २०७९ पुस मसान्त सम्म थप गर्ने ।
ख) प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत आ व २०७९।८० का लागि वडास्तरबाट सिफारिस भई आएका देहायका योजनाहरु छनौट गरी स्वीकृत गर्ने ।
क. आइ.डि. ए. श्रोतबाट

| सि.नं | योजनाको नाम | वडा नं. | सूचीकृत वेरोजगार संख्या | बजेट रकम रु. |
|---|---|---|---|---|
| १. | फरिमबोट तम्बल कुलो मर्मत रोजगार योजना | ४ | ५९ | ४,६१,६०० |
| २. | करासे धाकिवाङ्ग गोरेटोबाटो मर्मत रोजगार योजना | ६ | ४३ | ४,६१,६०० |
| ३. | आइवेनी रेक्थु दामराङ्ग गोरेटाबाटा मर्मत रोजगार योजना | ७ | ५३ | ४,६१,६०० |
| ४. | लालपार्क पर्यटन प्रवर्द्धन रोजगार योजना | ५ | १२२ | ५,१९,३०० |
| ५. | माइसिराङ्ग कुन्डली चामन्ती झ्यानझ्यारे भाइदुल गोठडाँडा गोरेटोबाटो मर्मत रोजगार योजना | ८ | १०३ | ५,०२,९०० |
| | जम्मा रु. | | | २४,०७,००० |

ख. नेपाल सरकार श्रोतबाट

| सि.नं | योजनाको नाम | वडा नं. | सूचीकृत वेरोजगार संख्या | बजेट रकम रु. |
|---|---|---|---|---|
| १. | दुङ्गु खोलाटार राम्चे मोटरबाटो नाली निर्माण तथा सडक मर्मत रोजगार योजना | १ | ३१ | ४,६१,६०० |
| २. | मछेडी पाखी हुँदै कुँडुले आँपबारी नाली निर्माण तथा सडक मर्मत रोजगार योजना | २ | २२ | ३,९४,२०० |
| ३. | माथिल्लो दमार हुँदै चमेरो गुफा जाने गोरेटोबाटो निर्माण रोजगार योजना | ३ | ३२ | ४,६१,६०० |
| ४. | ९ नं वडा कार्यालय चिउरिती गोरेटोबाटो निर्माण रोजगार योजना | ९ | ३६ | ४,६१,६०० |
| | जम्मा रु. | | | १७,७९,००० |

ग) प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका २०७७ अनुसार स्थानीय तहमा स्थानीय निर्देशक समितिको गठन गर्नुपर्ने व्यवस्था अनुसार देहायको निर्देशक समिति गठन गर्ने ।

| | |
|---|---|
| अध्यक्ष | गाउँपालिका अध्यक्ष श्री राजकुमार मल्ल |
| सदस्य | गाउँपालिका उपाध्यक्ष श्री बनस्तम थिङ्ग |
| सदस्य | प्रमुख प्रशासकीय अधिकृत श्री देब चन्द्र गर्तौला |
| सदस्य | वडाअध्यक्ष वडा नं ३ श्री उत्तम वाइबा |
| सदस्य | वडाअध्यक्ष वडा नं ५ श्री हरि बहादुर प्रजा |
| सदस्य सचिव | रोजगार संयोजक श्री गोविन्द विश्वकर्मा |

घ) राक्सिराङ्ग गाउँपालिका वडा नं ३, सरिखेत, मकवानपुरमा रहेको *जोया रोडा ढुङगा एण्ड सप्लायर्स प्रा.लि* राक्सिराङ्ग गाउँपालिका वडा नं ३ सरिखेत मकवानपुर मा क्रसर उद्योग स्थापना गर्नको लागि प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन तयार गर्ने कार्यको लागि परामर्शदाता संस्थाबाट यस कार्यालयमा पेश गरेको कार्यसूची (TOR) स्वीकृत गरी कार्य अगाडी बढाउन स्वीकृती दिने ।

**उपरोक्त व्यहोराको पेश हुन आएको प्रस्तावलाई सर्वसम्मत निर्णय गरियो ।**

| | | | |
|---|---|---|---|
| (सुजता दमाई)<br>कार्यपालिका सदस्य | (सजिना मुक्तान नेपाली )<br>कार्यपालिका सदस्य | (शुशिला सुनार)<br>कार्यपालिका सदस्य | (शान्ता कुमारी अर्याल)<br>कार्यपालिका सदस्य |
| (सिङ्गलाल प्रजा)<br>कार्यपालिका सदस्य | (चन्द्रमान प्रजा)<br>कार्यपालिका सदस्य | (बाबी राम मुक्तान)<br>वडा अध्यक्ष | (बुद्ध राम मुक्तान)<br>वडा अध्यक्ष |
| (उत्तम वाइवा)<br>वडा अध्यक्ष | (संजय कोइराला)<br>वडा अध्यक्ष | (हरि बहादुर प्रजा)<br>वडा अध्यक्ष | (अकल बहादुर मोक्तान)<br>वडा अध्यक्ष |
| (राम बहादुर प्रजा)<br>वडा अध्यक्ष | (युसाई प्रजा)<br>वडा अध्यक्ष | (राम कुमार वाल्वा थिङ)<br>वडा अध्यक्ष | |

| | |
|---|---|
| ...................... (बनस्तम थिङ) उपाध्यक्ष | ...................... (राजकुमार मल्ल) अध्यक्ष |